प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. : प्र. ०८१/८२

च.न. :

मिति : २०८१।०४।२७

विषय : घर भाडामा लिने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२७)

यस निर्देशनालयलाई कर्मचारी आवास प्रयोजनको लागि विराटनगर महानगरपालिका वडा नं १ स्थित शंकरचोक, नेताचोक तथा शान्तिचोक आसपासको क्षेत्रमा तपसिल अनुसारको सुविधा भएको घर भाडामा लिन आवश्यक परेकोले घर भाडामा दिन इच्छुक घरधनीले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित यस निर्देशनालयमा आफूले भाडामा दिन चाहेको घरको मासिक भाडा दर अंक र अक्षरमा स्पष्टसँग उल्लेख गरी निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. कम्तीमा १० कोठा भएको पक्की घर ।
२. खानेपानी, विद्युत तथा अन्य आधारभूत सुविधा भएको ।
३. कम्तीमा २ ओटा गाडी (जीप/कार) र १० ओटा मोटरसाइकल पार्किङ गर्ने स्थान उपलब्ध भएको ।
४. आवासका लागि उपयुक्त र शान्त वातावरण भएको ।
५. निवेदन साथ घरधनीको नागरिकताको प्रमाण पत्र, जग्गाधनी दर्ताको प्रमाणपत्र, चालू आ.व.को सम्पत्ति कर तिरेको रसिद, नक्सा पासको प्रमाणपत्र, निर्माण सम्पन्न प्रमाणपत्रका फोटोकपी १/१ प्रति संलग्न राखी खामबन्दी गरी खामको बाहिर 'घरभाडा सम्बन्धी निवेदन' उल्लेख गरी पेश गर्नु पर्नेछ ।
६. कबोल गरेको भाडा दरमा नियमानुसार करकट्टी गरी बाँकी हुन आउने रकम घरधनीको बैंक खातामा भुक्तानी गरिनेछ ।
७. अन्य कुराहरु खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रकाश कुमार डाँगी

निमित्त प्रमुख